बैंठक संख्याः- ४

आज मिति २०८१/०७/२६ गते सोलुदुधकुण्ड नगरपालिकाका नगरप्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा तपसिलका नगरकार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैंठक बसि तपसिल वमोजिमको निर्णय गरियो ।

तपसिल

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नाम्गेल जाङ्बु शेर्पा | नगर प्रमुख | |
| २. | श्री गान्धी माया तामाङ | नगर उप- प्रमुख | |
| ३. | श्री राम कुमार खड्का | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री छोङबा शेर्पा | वडा अध्यक्ष, वडा नं. १ | |
| ५. | श्री ङवाङ ठिले शेर्पा | वडा अध्यक्ष, वडा नं. २ | |
| ६. | श्री ल्हाक्पा गेलु शेर्पा | वडा अध्यक्ष, वडा नं. ३ | |
| ७. | श्री युवास तामाङ | वडा अध्यक्ष, वडा नं. ४ | |
| ८. | श्री मिङमार तामाङ | वडा अध्यक्ष, वडा नं. ५ | |
| ९. | श्री फुर्वा ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडा नं. ६ | |
| १०. | श्री सोनाम ग्याल्जेन शेर्पा | वडा अध्यक्ष, वडानं. ७ | |
| ११. | श्री पासाङ कटुवाल | वडा अध्यक्ष, वडा नं. ८ | |
| १२. | श्री धनराज तामाङ | वडा अध्यक्ष, वडानं. ९ | |
| १३. | श्री होम बहादुर मगर | वडा अध्यक्ष, वडा नं. १० | |
| १४. | श्री टंक बहादुर कार्की | वडा अध्यक्ष, वडा नं. ११ | |
| १५. | श्री पेलु लामा | नगरकार्यपालिका सदस्य | |
| १६. | श्री अन्जु श्रेष्ठ | नगरकार्यपालिका सदस्य | |
| १७. | श्री मिना खत्री बस्नेत | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री शान्ती वि.क. | नगरकार्यपालिका सदस्य | Shanti |
| १९. | श्री कुलध्वज घर्तिमगर | नगरकार्यपालिका सदस्य | |
| २०. | श्री आङ काजी शेर्पा | नगरकार्यपालिका सदस्य | |
| २१. | श्री निर कुमार नेपाली | नगरकार्यपालिका सदस्य | |
| | | | |
| | | | |

मिति २०८१।०७।२६ गते सोमबार
समयः बिहान ११:०० बजे
स्थानः नगर प्रमुखज्यूको कार्यकक्ष
बैठक संख्याः ३

निर्णयहरु

| क्र.स | विषयको संक्षिप्त व्यहोरा | सम्बन्धित शाखा | निर्णयको व्यहोरा |
|---|---|---|---|
| १. | मन्सुनजन्य विपद व्यवस्थापन सम्बन्धमा | आर्थिक प्रशासन शाखा | मिति २०८१/०६/१० गतेदेखिको अविरल वर्षातका कारण पहिरो गई घर भत्किंदा सोलुदुधकुण्ड नगरपालिका वडा नं. ९ गोराखानी निवासी रिना तामाङ, लमु शेर्पा, फुर्वा लोप्साङ शेर्पा र वडा नं. १० निवासी रुपु मगर र कविता मगरको निधन भएकाले निजहरुको अन्त्येष्टी गर्नका लागि नगरपालिकाबाट प्रति मृतक रकम रू ५०,०००।– का दरले विपद व्यवस्थान कोषबाट वितरण गरिएको जम्मा रु.२,५०,०००।- समर्थन गर्ने र पूर्ण घर क्षति भएका ५ परिवारलाई पुनस्थापनाका लागि प्रति परिवार रु.२,५०,०००।- का दरले रु. १२,५०,०००.०० रकम उपलब्ध गराउने । |
| २. | सि.अ.न.मी. बिनु मोक्तानको असाधारण बिदा स्वीकृत सम्बन्धमा | प्रशासन शाखा | यस कार्यालय अन्तर्गत वोङ्छु शेर्पा मेमोरियल प्राथामिक अस्पताल, टाप्टिङमा दरबन्दी रहेका सि.अ.न.मी. बिनु मोक्तानको असाधारण बिदा सम्बन्धमा यस कार्यालयबाट मिति २०८०/०५/०५ मा स्वास्थ्य सेवा विभाग, टेकु काठमाण्डौमा स्वीकृतिको लागि पठाइएकोमा स्वास्थ्य सेवा विभागको च.नं. ६१३, २०८१/०६/२० गतेको पत्रबाट कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८०, मा भएको व्यवस्था अनुसार असाधारण बिदाको प्रक्रिया बढाउने भन्ने परिपत्र अनुसार माग बमोजिम २०८०/०५/०९ गते देखि एक बर्ष अवधिको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०८० को दफा (१२२) र सोही अध्यादेशको दफा(१२६) मा समेत सम्वन्धित कार्यपालिकाले असाधारण बिदा स्वीकृत व्यवस्था गरेको र पुनः निजले आफ्नो व्यक्तिगत कारण देखाइ थप असाधारण बिदा माग गरेको सम्वन्धमा निजको मिति २०८१/७/०३ गतेदेखि थप एक वर्ष अवधिको कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८०, को दफा (१२१) बमोजिमको असाधारण बिदा सोही ऐनको दफा(१२४) बमोजिम स्वीकृत गर्ने । |

| | | | |
|---|---|---|---|
| | खरिद सम्झौताको म्याद थप सम्बन्धमा | प्राविधिक/योजना | तपसिलको आयोजनाहरुको म्याद थप गरी पाउँ भनी सम्बन्धित निर्माण व्यवसायीहरुले यस कार्यालयमा निवेदन पेश गरेको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा भएको व्यवस्थानुसार म्याद समाप्त भएको मितिदेखि लागू हुने गरी देहाय अनुसार खरिद सम्झौताको म्याद थप गर्ने । |

| स | आयोजनाको नाम र कार्यान्वयनस्थल | म्याद थप गर्नु पर्ने कारण | म्याद थप गरिएको अवधि (मिति) | कैफियत |
|---|---|---|---|---|
| | पत्ताले पार्क, वडा नं. ८ | जग्गाको लागत कट्टा गर्न समय लाग्ने भएकाले | २०८२ असार मसान्त | |
| | जुनवेशी हाईड्रो पावर, वडा नं. २ | BOQ मा उल्लिखित आइटमका अतिरिक्त थप आइटमका कार्य गर्नु पर्ने भएकाले | २०८२ असार मसान्त | |
| | फाप्लु-सल्लेरी खानेपानी आयोजना, वडा नं. ४, ५ र ६ | रुट परिवर्तन, नेपाली सेनाको स्वामित्वमा रहेको जग्गामा पाइप लाइनका लागि सम्झौता गर्नु पर्ने भएकाले | २०८१ माघ मसान्त | |
| | नयाँबजार हाट बजार टहरा निर्माण | शनिबार लाग्ने साप्ताहिक हाटबजारमा शुक्रबारदेखि नै पाल टाँगी बिक्रीस्थल निर्माण गरेकाले | २०८१ भाद्र मसान्त | समर्थन गर्नु पर्ने |

| | | | |
|---|---|---|---|
| | सोलुखुम्बु जिल्ला अदालतसम्म जाने सडक स्तरोन्नति सम्बन्धमा | प्राविधिक/योजना | सोलुखुम्बु जिल्ला अदालतसम्म जाने सडक स्तरोन्नतिका लागि यस कार्यालयको प्राविधिकबाट स्थलगत रुमपा नापजाँच गरी जम्मा रू. १७,१२,९८७.३९ उक्त आयोजना कार्यान्वयन गरी स्रोतको पहिचान गर्ने । |
| | विशेष अधिवेशन सम्बन्धमा | प्रशासन शाखा | नगर प्रमुखज्यूबाट सोलुदुधकुण्ड नगरपालिकाको नगर सभाको विशेष अधिवेशन मिति २०८१/०७/२९ गतेका दिन आह्वान भएको हुँदा उक्त विशेष अधिवेशन आह्वान मिति समर्थन गर्ने। |
| | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक, २०८१ सम्वन्धमा | प्रशासन शाखा | यस नगरपालिकाको विधायन समितिबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक, २०८१ नगर सभामा पेश गर्नका लागि पेश भएको हुँदा उक्त समितिबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक, २०८१ स्वीकृतिका लागि नगर सभाको विशेष अधिवेशनमा पेश गर्ने । |

| | | | |
|---|---|---|---|
| ७. | आर्थिक सहायता | आर्थिक प्रशासन शाखा | नगरपालिका क्षेत्रभित्रका देहायका व्यक्तिहरुले आर्थिक सहयता पाउँ भनी यस नगरपालिकामा निवेदन पेश गरेको हुँदा स्वास्थ्य उपचार तथा विपद् सम्बन्धी आर्थिक सहायता कार्यविधि २०८०,बमोजिम विपद् व्यवस्थापन कोषबाट आर्थिक सहायता उपलब्ध गराउने । |

| क.सं | व्यक्तिको नाम | ठेगाना | कारण | रकम रु. |
|---|---|---|---|---|
| १ | मन कुमारी सुनुवार | वडा नं. ७ | स्वास्थ्य उपचार | २५,०००.०० |
| २ | मान बहादुर चौधरी | वडा नं. ११ | स्वास्थ्य उपचार | २५,०००.०० |
| ३ | टसी तामाङ, युटिन तामाङ | वडा नं. ४ | स्वास्थ्य उपचार | २५,०००.०० प्रति विरामी |
| ४ | ल्हाक्पा शेर्पा | वडा नं. ७ | आगलागी | २५,०००.०० |
| ५ | पेम्बा शेर्पा | वडा नं.४ | स्वास्थ्य उपचार | २५,०००.०० |
| ६ | राम तामाङ | वडा नं.३ | स्वास्थ्य उपचार | २५,०००.०० |
| ७ | धन बहादुर थापा क्षेत्री | वडा नं. ५ | स्वास्थ्य उपचार | १०,०००.०० |

| | | | |
|---|---|---|---|
| ८. | बेरुजु सम्परीक्षण सम्बन्धमा | आर्थिक प्रशासन शाखा | महालेखापरीक्षकको कार्यालयबाट यस नगरपालिकाको आ .व. ०८१/०८० को लेखापरीक्षण सम्पन्न भई पेश भएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा देहायको दफाहरुमा उल्लेखित नियमित गर्नु पर्ने बेरुजुहरु उपर यस नगरपालिकाको लेखा समितिले दफावार छलफल गरी नियमित गर्न कार्यपालिका बैठकमा पेश भएकाले बेरुजु नियमित गर्नका लागि आगामी नगरसभामा पेश गर्ने। |

| आ.व. | दफा | बेरुजुको व्यहोरा | बेरुजु रकम | नियमित हुने सम्प/रीक्षण हुने व्यहोरा | रकम |
|---|---|---|---|---|---|
| २०८०/०८१ | ५५ | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको फरक शीर्षकबाट खर्च भुक्तानी गरको छ ।फरक शिर्षकमा खर्च गरेको रु १रकम -/२१,८००, नियमित देखिएन । विनियोजित बजेट सम्बन्धित खर्च शिर्षकको अधिनमा रहि खर्च गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | ~~१-/२१,८००,~~ ९,२१,८००/- | उल्लेखित बेरुजुको सम्बन्धमा दफावार छलफल गर्दा कार्यालयको मोटरसाईकल तथा स्काभेटर मर्मत गर्दा भएको खर्च लाप्चा तामाङ सेवा समाजको गुम्बा निर्माण वडा न ९ र छल्यामु गोरेटो बाटो स्तरोन्नति, वडा नं. १ आयोजनाको कन्टेजेन्सी शीर्षकबाट भुक्तानी भएकोले उक्त भुक्तानी सम्बन्धित खर्च शीर्षकको अधिनमारही खर्च भएको र अब उप्रान्त खर्च लेख्दा सम्बन्धित खर्च शीर्षकको अधीनमा रही खर्च लेखे प्रतिबद्धता समेत गर्दै बेरुजु नियमित गर्ने । | ~~१-/२१,८००,~~ ९,२१,८००/- |

| भौचर नं. र मिति | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| ४६० २०८१/०३/२३ | लाप्चा तामाङ सेवा समाजकोगुम्वा निर्माण वडा न ९ | ७१,०००/- | व्याट्री,डिस्प्याक लगायत विभिन्न सामाग्री खरिद |
| ४७० २०८१/०३/२३ | छल्यामु गोरेटो बाटो स्तरोन्नति, वडा नं १ . छुल्यामु | ५०,८००/- | स्काभेटर मर्मत कार्य गरेको |

| | | | |
|---|---|---|---|
| ९. | डि.पि.आर.तयारी गर्ने सम्बन्धमा | प्राविधिक/योजना | यस नगरपालिकाको नगर सभाको १४औं अधिवेशनबाट विभि योजनाको डि.पि.आर. तयार गर्न विनियोजन भएको बजेटबाट देहायक योजनाहरुको डि.पि.आर. तयार गर्ने । |

| क्र. सं. | आयोजनाको नाम | ठेगाना |
|---|---|---|
| १ | तामाखानी स्वास्थ्य चौकी भवन निर्माण | वडा नं. ३ |
| २ | तिङ्ला राम्पा दलित नमुना बस्ती | वडा नं. ११ |
| ३ | फाप्लु एयरपोर्ट मुनीको सडकमा रहेको ओडारमा पानी व्यवस्थापन | वडा नं. ४ |
| ४ | खोरिया स्वास्थ्य चौकी भवन निर्माण | वडा नं. ६ |
| ५ | थुप्तेन छोलिङ गुम्बा ढल व्यवस्थापन | वडा नं. २ |
| ६ | सानो दूधकुण्ड मन्दिर व्यवस्थापन | वडा नं. ४ |
| ७ | वर्षादको ढल व्यवस्थापन | वडा नं. १, ३, ८, ९ |
| ८ | दलित सामुदायिक भवन निर्माण | वडा नं. ५ |
| ९ | भित्ताखर्क जाने सोलुखोलामा सडक पुल निर्माण | वडा नं.७ |
| १० | दूधपोखरी संरक्षण | वडा नं वडा नं. ९ |
| ११ | ज. जा. मा. वि. खेलमैदान निर्माण | वडा नं.५ |

| | | | |
|---|---|---|---|
| १०. | सडक बोर्डको योजना छनौट सम्बन्धमा | प्राविधिक/योजना | चालु आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने गरी सडक बोर्डब रु ४२ लाखमा यस नगरपालिकाको ३०% ले हुन आउने समपूर लगानी वापतको रकम रु. १८ समेत गरि जम्मा रु. ६० लाखब देहायका आयोजनाहरु कार्यान्वयन गर्ने । |

| क्र.स | आयोजनाको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | जिमी राई भवन हुदै ह्वाईट हिल्स छात्रबास जाने सडक मर्मत | वडा नं. ५ | १०,००,०००/- |
| २ | केरुङ वागम जन्तरधाप सडक मर्मत | वडा नं. ८ र १० | १०,००,०००/- |
| ३ | वडा नं. ६ को वडा कार्यालय हुदै वडा नं. ७ को सिमानासम्म तथा वडा नं. ७ को सिमाना देखि मिलघरसम्मको सडक मर्मत । | वडा नं. ६ र ७ | १०,००,०००/- |
| ४ | सल्लेरी जिल्ला प्रशासन कार्यालय हुदै नयाँ बजारसम्मको सडक मर्मत | वडा नं. ५ | २०,००,०००/- |
| ५ | मोपुङ सामुदायिक भवन (गुम्बा) जाने सडक मर्मत | वडा नं. २ | १०,००,०००/- |